# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## आर्थिक वर्ष २०७५/७६ का लागि

## नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले उठाउने आन्तरिक ऋण सम्बन्धी सिफारिस

२०७५ जेठ

काठमाडौं

# आर्थिक वर्ष २०७५/७६ का लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले उठाउने आन्तरिक ऋण सम्बन्धी सिफारिस

## १. पृष्ठभूमि

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नेपालमा वित्तीय संघीयतालाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्नका लागि गठन गरिएको एक संवैधानिक आयोग हो। आयोगले मूलतः वित्तीय तथा प्राकृतिक स्रोतको चुस्त व्यवस्थापन तथा समन्ययिक उपयोग सुनिश्चित गर्ने भुमिका निर्वाह गर्दछ। संविधानको धारा ६० र धारा २५१ मा रहेको व्यवस्था अनुरुप आयोगले राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, आन्तरिक ऋण तथा प्राकृतिक स्रोतको बाँडफाँट तथा उपयोग सम्बन्धमा सिफारिस गर्ने गर्दछ।

नेपालको संविधानको धारा २५१ को (१)(च) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने व्यवस्था रहेको छ। यसै व्यवस्था बमोजिम आर्थिक वर्ष २०७५/७६ का लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारणका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र नेपाल राष्ट्र बैंक समेतसँग अन्तर्क्रिया गरी खाका तयार पारेको छ।

## २. संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानको धारा २५१ (१) (च) मा समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने कार्य राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार हुने व्यवस्था गरिएको छ।

प्रदेश तथा स्थानीय तहले लिने आन्तरिक ऋण सम्बन्धमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १४ र १५ मा देहाय अनुसारको व्यवस्था गरिएको छः-

- **दफा १४ (१)** : नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयोगले सिफारिस गरेको सीमा भित्र रही आन्तरिक ऋण लिन सक्नेछ। तर प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनु पर्नेछ।
- **दफा १४ (२)** : नेपाल सरकार तथा प्रदेशले प्रचलित कानुनको अधिनमा रही ऋणपत्र जारी गरी आन्तरिक ऋण उठाउन सक्नेछ।

- **दफा १४ (३)** : प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सकने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरण सहितको प्रस्ताव मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।
- **दफा १४ (४)** : उपदफा (३) बमोजिम पेश भएको प्रस्ताव कार्यान्वयनयोग्य देखिएमा नेपाल सरकारले सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई आन्तरिक ऋण लिन सहमति दिन सक्नेछ।

## ३. आर्थिक वर्ष २०७५/७६ का लागि आन्तरिक ऋण सम्बन्धी सिफारिसका आधारहरू

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आर्थिक वर्ष २०७५/७६ का लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले उठाउन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गर्दा देशको समष्टिगत् आर्थिक स्थिति, नेपाल सरकारको तिर्न बाँकी ऋण र प्रदेश तथा स्थानीय तहको ऋण उठाउने र ऋण तिर्नसक्ने क्षमता समेतलाई आधार लिएको छ।

### नेपाल सरकार

आर्थिक वर्ष २०७४/७५ को पहिलो आठ महिनाको देशको समष्टिगत् आर्थिक स्थिति सामान्यतया सन्तोषजनक छ। तथापि, कुल सरकारी खर्च विनियोजनको ६० प्रतिशतको हाराहारीमा मात्र रहन सकेको छ। पूँजीगत खर्च विनियोजनको तुलनामा ५० प्रतिशत नाघ्न सकेको छैन। वित्तीय व्यवस्था तर्फको खर्च विनियोजनको ४० प्रतिशत पुग्न सकेको छैन। स्रोत परिचालनतर्फ राजस्व संकलन लक्ष्यको करिब नजिक रहेको छ। वैदेशिक सहायताको परिचालन ५० प्रतिशतभन्दा कम नै छ। कुल लक्षित आन्तरिक ऋण रु. १४५ अर्बमध्ये हालसम्म रु. ११९ अर्ब ८० करोड उठाइसकिएको छ।

नेपालको कुल तिर्न बाँकी ऋण रु. ८४२ अर्ब ८९ करोड रहेको छ, जुन चालु आर्थिक वर्षको प्रक्षेपित कुल गार्हस्थ्य उत्पादनको २८ प्रतिशत हुन आउँछ। योमध्ये वैदेशिक ऋण रु. ४५४ अर्ब ६३ करोड र आन्तरिक ऋण रु. ३८८ अर्ब २६ करोड रहेको छ। कुल तिर्न बाँकी आन्तरिक ऋण कुल गार्हस्थ्य उत्पादनको १२.९ प्रतिशत रहेको छ।

कुल गार्हस्थ्य उत्पादनसँग तिर्न बाँकी आन्तरिक ऋणको अनुपात कम रहेको सन्दर्भमा नेपाल सरकारसँग थफ ऋण परिचालनका लागि वित्तीय आधार रहेको छ। तर यस्तो वित्तीय आधार रहेता पनि सरकारले विभिन्न कारणले ठूलो मात्रामा आन्तरिक ऋण उठाउन भने हुँदैन — (१) आन्तरिक मुद्रा बजार सबल छैन, बैंक तथा वित्तिय संस्थाहरूसँग अधिक तरलता कम मात्र छ, (२) सरकारले बढी ऋण लिंदा सोको प्रभाव बैंक तथा वित्तीय संस्थाको ब्याजदरमा पर्न गई समग्र वित्तीय प्रणालीमा समस्या देखिन सक्छ, र (३) सरकारले बढी ऋण उठाउँदा निजी क्षेत्रको लगानीका लागि रकम

अभाव हुन गई निजी लगानी संकुचित हुन सम्भावना रहन्छ। तसर्थ नेपाल सरकारले आन्तरिक ऋण उठाउनका लागि सीमित वित्तीय आधार उपलब्ध रहेको छ।

देश संघीय संरचनामा गएको र तीनै तहका सरकारको खर्च जिम्मेवारी पूरा गर्न संघीय सरकारको प्रमुख भूमिका हुने भएकाले नेपाल सरकारले बजेट घाटा पूर्तिका लागि आन्तरिक ऋण उठाउन सक्छ, तर सोको उपयोग प्रभावकारी ढङ्गले हुनुपर्दछ। नेपाल सरकारले हालसम्म वैदेशिक तथा आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीमा ढिलाइ नगरेको र भाखा ननघाएको सन्दर्भमा नेपाल सरकारलाई ऋण लिन कठिन छैन।

**प्रदेश सरकार**

प्रदेश सरकार स्थापना भएको केही महिना मात्र भएको छ। प्रदेशस्तरीय आर्थिक तथ्याङ्कहरूको अभाव छ। यस स्थितिमा प्रदेश सरकारले के का आधारमा ऋण उठाउने र के का आधारमा ऋणको सावाँ ब्याज भुक्तानी गर्ने भन्ने निक्यौंल गर्न सकिँदैन। प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोत सबल नभइसकेको अवस्थामा ऋण मात्र लिने तर भुक्तानी गर्न नसकी ऋणको पासोमा पर्नसक्ने अवस्था आउन दिनु पनि हुँदैन।

प्रदेश सरकारले आन्तरिक ऋण उठाउन ऋणपत्र निष्काशन गर्न सक्ने भए पनि सो को कानुनी आधार र मौद्रिक औजार भने तयार नभइसकेको अवस्था छ। प्रदेशहरूले आन्तरिक ऋण लगानी गर्नका लागि परियोजना प्रस्ताव समेत तयार गरिनसकेको अवस्था छ । तथापि, प्रदेश सरकारको खर्च आवश्यकता पूरा गर्न संघीय सञ्चित कोषबाट उपलब्ध हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट एवं आफ्नो आन्तरिक राजस्व मात्र पर्याप्त नहुने भएकाले कुनै न कुनै आधारमा प्रदेश सरकारलाई आन्तरिक ऋण उठाउन दिनुपर्दछ।

**स्थानीय तह**

स्थानीय तहको पनि खण्डीकृत तथ्याङ्क छैन। प्रदेश सरकारको तुलनामा स्थानीय तहलाई कराधिकार बढी भए पनि स्थानीय तहको सबै खर्च जिम्मेवारी पूरा गर्न र पूर्वाधार विकासका लागि सबै स्रोतबाट प्राप्त रकम अपर्याप्त हुनसक्छ। त्यसैले स्थानीय तहलाई पनि आन्तरिक ऋण उठाउन दिनुपर्दछ। तर, आन्तरिक स्रोत सबल नभइसकेको अवस्थामा स्थानीय तह पनि ऋणको पासोमा पर्ने अवस्था आउन दिनु हुँदैन। तसर्थ, यसमा विशेष सावधानी अपनाउनुपर्दछ।

## ४. आर्थिक वर्ष २०७५/७६ का लागि आन्तरिक ऋणको सिफारिस

माथिका आधारहरूमा आर्थिक वर्ष २०७५/७६ का लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले उठाउन सक्ने आन्तरिक ऋणको सीमा देहायअनुसार निर्धारण गरी सिफारिस गरिएको छः-

**नेपाल सरकार**

(क) आगामी आर्थिक वर्ष २०७५/७६ को अनुमानित कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने।

(ख) आन्तरिक ऋणको उपयोग बढीभन्दा बढी पूँजी निर्माणमा परिचालन गर्ने।

**प्रदेश सरकार**

(क) आगामी आर्थिक वर्ष २०७५/७६ मा संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने।

(ख) आन्तरिक ऋणको परिचालन पूँजी निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा गर्ने।

(ग) साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागि आन्तरिक ऋण उपयोग नगर्ने।

**स्थानीय तह**

(क) आगामी आर्थिक वर्ष २०७५/७६ मा संघीय सरकार र प्रदेश सञ्चित कोषबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने।

(ख) आन्तरिक ऋणको परिचालन पूँजी निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा गर्ने।

(ग) साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागि आन्तरिक ऋण उपयोग नगर्ने।

*****